# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१२।०५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

जनकपुर अञ्चल अस्पताल, धनुषामा कार्यरत आयुर्वेद अधिकृत (आठौं तह) मिथिलेशकुमार यादवले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी कार्यरत रहेकाले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज आयुर्वेद अधिकृत (आठौं तह) मिथिलेशकुमार यादवले बिहार बिद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त इण्टरमिडियट (I.Sc ) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा बहाल रही लाभ समेत लिएको देखिँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
सह-सचिव एवं प्रवक्ता